# मिति २०७५।११।२३ को इलाम नगरपालिका, नगर कार्यपालिकाको निर्णय

१) अर्थ मन्त्रालय, सिंहदरबार काठमाडौको च.नं. १७४५ मिति २०७५।११।७ को मार्गदर्शन समेतका आधारमा समपूरक अनुदान र विशेष अनुदानतर्फ विनियोजित रकमबाट निम्नानुसारका योजनाहरु कार्यान्वयन गरी आगामी नगर सभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**निम्न :**

**समपूरक अनुदान – २,६८,४०,०००।००**

१. तिल्केनी बज्रदेवी सडक, इलाम नगरपालिका वार्ड नं. ८ तिल्केनी – विनियोजित रु १,००,००,०००।००
२. भन्ज्याङ्ग भाङ्गटार बेलासे सडक, इलाम न.पा. वार्ड नं. ११ सोयाक – विनियोजित रु १,००,००,०००।००
३. बरबोटे रिब्स सुम्बेक सडक, इलाम न.पा. वार्ड नं. २ सुम्बेक र बरबोटे – विनियोजित रु १,००,००,०००।००
४. मिल गोलाइ विणापानी स्कुल सडक, इलाम न.पा.वार्ड नं. ३ पुवामझुवा– विनियोजित रु १,००,००,०००।००
५. रत्नचोक इन्टेक साङ्गरुम्वा सडक, इलाम न.पा. वार्ड नं. ९ र १२ – विनियोजित रु १,००,००,०००।००

**विशेष अनुदान – २,०७,२८,०००।००**

१. पुवाखोला चिन्ते साँघु खानेपानी योजना

२) महालेखा परीक्षकको कार्यालय डोरमुकाम इलामको च.नं. ९७ मिति २०७५।१०।२३ को आ.ब. २०७५।०७५ को पत्रसाथ प्राप्त आ.ब. २०७४।०७५ को इलाम नगरपालिकाको लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनमा छलफल हुँदा प्रतिवेदनले औंल्याएका बेरुजु सम्परीक्षणका लागि तोकिएको म्याद भित्र पठाउने निर्णय गरियो ।

३) इलाम नगरपालिका, नगर कार्यपालिकाको मिति २०७५।८।१७ को निर्णय नं. ९ को कार्यक्रम अनुसार पानी तथा स्वास्थ्य र सरसफाइ सुविधासहितको शौचालय निर्माण कार्यक्रमको लागि विनियोजित रु २१,००,०००।०० रकमबाट निम्नानुसारको विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निम्न :**

१. श्री पूर्णस्मारक मा.वि. इलाम नगरपालिका वार्ड नं. १० – रु ७,००,०००।००
२. श्री साङ्गरुम्वा मा.वि. इलाम नगरपालिका वार्ड नं. १२ – रु ७,००,०००।००
३. श्री बालमण्डल मा.वि. इलाम नगरपालिका वार्ड नं. ४– रु ७,००,०००।००

४) इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को योजना किताबमा उल्लिखित योजनामध्ये निम्नानुसारको योजनाका लाई निम्नानुसार परिवर्तन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

निम्न :

| सािवक योजनाको नाम | रकम | परिवर्तित योजनाको नाम | रकमान्तर रकम |
|---|---|---|---|
| सि.नं ३०४/३१४११ – कार्यालय परिसर जग्गा प्राप्ति | ३०,००,०००।०० | सि.नं ३०४/३१४११ (१) विभिन्न योजनाहरुको आकस्मिक मर्मत | १०,००,०००।०० |
| | | सि.नं ३०४/३१४११ (२) तरकारीबजार व्यवस्थापन तथा पार्क निर्माण | २०,००,०००।०० |

५) इलाम नगरपालिकाको आ.ब. २०७५।०७६ को योजना किताबको सि.नं. ३११/२६६१२ सौर्य ऊर्जा प्रविधि जडान कार्यक्रममा रु ६,४८,०००।०० विनियोजित रहेकोले उक्त बजेटबाट इलाम नगरपालिका वार्ड नं. ११ को निर्फोकमा सौर्य ऊर्जाबाट पानी तानेर सिंचाई सुविधा उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो ।